■ दोहोरो मारमा एचआइभी संक्रमित

# खुल्दा रोजगारी गुम्ने जोखिम, नखुल्दा उपचार सेवा पाउन कठिन

■ नारायण अधिकारी

चितवन । एचआइभी एड्स संक्रमित खुल्दा र नखुल्दा दुवैमा समस्या हुने गरेको पाइएको छ । यहाँका संक्रमितहरूले खुल्दा रोजगारी र घरपरिवारमा समस्या हुने गरेको एवं नखुल्दा सेवा पाउन समस्या हुने गरेको बताएका छन् । माडी नगरपालिकाकी अस्मिता महतो (नाम थर परिवर्तित) ले संक्रमित भनेर खुल्दा रोजगारी नपाउने र नखुल्दा सेवा नपाउने गरेको गुनासो गरिन् । उनले भनिन्, ‘खुल्दा पनि समस्या नखुल्दा पनि समस्या कसरी हामीले काम गर्ने ?’ आफूले काम गरिराखेको संस्थाले एचआइभी संक्रमित भन्ने थाहा पाएपछि कामबाट निकाला गरेको उनले बताइन् ।

आफूले एआरटी खान थालेको थाहा भएपछि रोजगारी खोसिएको उनले गुनासो गरिन् । परिवार चलाउन समस्या परेर काम गर्दा पनि रोजगारीबाट निकालिएको गुनासो गर्दै उनले संक्रमित भनेर खुल्दा समस्या भएको बताइन् । परिवारबाट सहयोग पाए पनि काम गर्ने स्थानमा भने सहयोग नपाएको उनले गुनासो गरिन् । भरतपुर महानगरपालिकाकी ५६ वर्षीया अम्बिका देवकोटा (नाम थर परिवर्तित) ले संक्रमित नखुल्दा पनि समस्या हुने गरेको गुनासो गरिन् । आफूले २०६९ देखि एचआइभी एड्स संक्रमित भएर औषधि खाँदै गर्दा पनि अहिलेसम्म खुल्न नसकेको उनको भनाइ छ ।




औषधि खाँदै गरेको भए पनि घरमा छोरालाई बाहेक कसैलाई थाहा नदिएको उनले बताइन् । उपचारका क्रममा आफ्नो व्यापार व्यवसाय सबै गुमाएको भए पनि उनी अहिलेसम्म खुलेर आउन सकेकी छैनन् । उनले भनिन्, ‘किराना व्यवसाय गरेका थियौँ, त्यो पनि सकियो, अहिले ज्याला मजदुरी गरेर बस्नुपरेको छ ।’ कालिका नगरपालिकाकी अस्मिता सुवेदी (नामथर परिवर्तित) आफूलाई संक्रमित भएको थाहा पाएपछि परिवारबाट समेत हेला हुनुपरेको बताइन् । आफू अहिले ५६ वर्ष भए पनि सुरुआती समयमा सासू र नन्दले घरबाट बाहिर निकालेपछि त्रिपाल टाँगेर बस्नुपरेको गुनासो गरिन् । उनले भनिन्, ‘पतिका कारण आफूले परिवारबाट पाउनुपर्ने दुःख पाएको छु, परिवारले खान नदिएर छिछि र दुरदुर गर्ने गरेका थिए ।’ पानी लिन धारामा जाँदासमेत परिवारका सदस्यले अन्य धारा प्रयोग गर्ने गरेको भए पनि अहिले खुलेपछि भने पाउने सहयोग पाएको उनको भनाइ थियो । अहिले औषधि खाँदै समाजमा परिवर्तनका लागि काम गर्दै आएको उनले बताइन् । आफू घर परिवार र समाजमा परिचित भए पनि मिडियामा नाम नराख्न उनको आग्रह छ ।

बागलुङका ६५ वर्षीय रामचन्द्र आचार्य (नामथर ठेगाना परिवर्तित) ले खुलेर आउन नसक्दा समाजमा गुम्सिएर बस्नुपरेको बताए । खुलेर आउँदा समाजले सुरुआतमा समस्या परे पनि अहिले त्यस्तो समस्या नभएको भन्दै सबैले मिलेर एड्ससँग लड्नुपर्ने उनको भनाइ छ । आफूलाई संक्रमण देखिएपछि काम गरेको कम्पनीले निकालेर नेपाल आउँदा घरपरिवारबाटसमेत घृणाको व्यवहार बेहोर्नुपरेको उनले बताए । रोजगारी गर्न जाँदासमेत कार्यालयका अन्य कर्मचारीले हेर्ने दृष्टिकोण परिवर्तन नहुँदा समस्या झेल्नु परेको उनले गुनासो गरे ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा.प्रमोद पौडेलले सन् २०३० सम्ममा एचआइभी एड्स संक्रमण शून्यमा झार्ने योजनासहित काम गरिएको बताए । अहिले संक्रमण नियन्त्रण र संक्रमितको स्वास्थ्यलाई मध्यनजर गर्दै काम गरिएको उनको भनाइ छ । उनले भने, ‘अहिले पहिलेको तुलनामा खासै ठुलो समस्या नभए पनि यसलाई शून्यमा झार्नका लागि समुदायमा चेतना बढाउन आवश्यक छ ।’

एएचएफ नेपाल भरतपुर अस्पतालका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले एचआइभी संक्रमितलाई समाजले सहज रूपमा लिएर राम्रो व्यवहार गरिदिनुपर्नेमा जोड दिए । खुलेर नियमित औषधि खाएमा रोग नियन्त्रण गर्न सकिने उनको भनाइ छ ।

# जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयमा क्षति पुऱ्याउने १२ जना धरौटीमा रिहा

■ सौर्य समाचार

काभ्रे । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा काभ्रेपलाञ्चोकको विभिन्न प्रहरी कार्यालय तोडफोड, आगजनी, लुटपाट गरी क्षति पुऱ्याउनेलाई जिल्ला अदालत कार्यालय काभ्रेपलाञ्चोकले धरौटीमा छाड्ने आदेश दिएको छ । जिल्ला न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले पक्राउ परेका सबैलाई धरौटीमा छाड्न आदेश दिएको अदालतको स्रेष्तेदार इन्दिरा कार्की गेलालले जानकारी दिइन् । उनका अनुसार बनेपास्थित इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन तथा सोही भवन बाहिर राखिएका सवारीसाधनमा क्षति गराएको, प्रहरीचौकी पनौतीको भवन, पनौतीस्थित सडकखण्डमा रहेको प्रहरी बिट, धुलिखेल नगरपालिकास्थित बसपार्कमा रहेको प्रहरी बिट, बनेपामा रहेको प्रहरी बिट तथा प्रहरीका लत्ताकपडामा आगजनी तथा तोडफोड गरी भवनभित्रका हतियार र गोली लुटपाट तथा चोरी अभियोगमा पक्राउ परेका १२ जनालाई जिल्ला अदालतले न्यायिक मनका आधारमा धरौटीमा छाड्न आदेश दिएको हो ।

पक्राउ परेकामध्ये साकार केसीलाई ९० हजार, अनिश सापकोटा र रविन्द्र परियारलाई जनही ६० हजार, समिर तामाङ, सुवास तामाङ, सुमन केसी, डेमा मोक्तान, रमेश तिमल्सिना, विशाल तामाङ भन्ने विशाल भ्लोन, अभि शुद्धाकार र भीम तामाङलाई जनही ३० हजार रुपैयाँका दरले धरौटीमा छाड्ने आदेश दिएको स्रेष्तेदार कार्की बताइन् । त्यस्तै अजय तामाङलाई २० हजार रुपैयाँ धरौटी माग गरेको जनाइएको छ । उनका अनुसार धरौटी बुझाएर सबै रिहा भएका छन् ।

प्रहरीले भिडियो र फोटोसहित पक्राउ परेकालाई आपराधिक उपद्रवमा मुद्दा दर्ता गरेको थियो । क्षतिग्रस्त प्रहरी कार्यालयको ५ करोड ४२ लाख ७६ हजार ४६८ क्षति भएको प्रारम्भिक मूल्यांकन गरिएको थियो । गत कात्तिक अन्तिम साता पक्राउ परेका अन्य थप ५ लाई भने मंगलबार म्याद थप गरी अनुसन्धान भइरहेको कार्कीले जानकारी दिइन् । जिल्लाका विभिन्न स्थानमा आगजनी र लुटपाटमा संलग्नविरुद्ध कार्यालयमा परेको उजुरीका आधारमा घटनाको अनुसन्धानसँगै आन्दोलनका क्रममा अपराधिक घटनामा संलग्नको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक कोमल शाहले कार्यालयमा ६ वटा नीजि संरचनामा भएको क्षतिबारे उजुरी परेपछि विशेष अनुसन्धान भइरहेको बताए । प्रदर्शनका क्रममा काभ्रेमा विभिन्न १८ वटा सरकारी तथा नीजि संरचनामा क्षति पुऱ्याइएको थियो ।

# प्रशासन कार्यालय पुनः सञ्चालनमा आएपछि ८३४ सेवाग्राहीले पाए राहदानी

■ सौर्य समाचार




नेपालगन्ज । जेनजी आन्दोलनपछि अवरुद्ध बनेको जिल्ला प्रशासन कार्यालयको सेवा सञ्चालनमा आएपछि ८३४ सेवाग्राहीले राहदानी प्राप्त गरेका छन् । गत भदौ २३ र २४ गते जेनजी प्रदर्शनका क्रममा कार्यालयमा आगजनी भएपछि अवरुद्ध बनेको सेवा सञ्चालनमा आएसँगै ८३४ जनाले राहदानी प्राप्त गरेका हुन् । जिल्ला पशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङले पहिलेको तुलनामा पछिल्लो समय राहदानी लिनेको संख्या न्यून रहेको बताए ।

जेनजी प्रदर्शनपछि साँघुरो कार्यालयबाट सेवा दिइरहेको यस कार्यालयमा पहिलेजस्तो राहदानी बनाउने सेवाग्राहीको घुइँचो नभएको उनले उल्लेख गरे । ‘कार्यालयमा अहिले सेवाग्राहीको भिडभाड छैन, सामान्य रूपले सेवा लिइरहनुभएको छ,’ सूचना अधिकारीसमेत रहनुभएका गुरुङले भने । गत भदौ २४ गते जेनजीको प्रदर्शनका क्रममा कार्यालयमा आगजनी, तोडफोड र लुटपाट भएको थियो । बाँकेमा करिब एक महिना राहदानीको काम बन्द भएको थियो । सोही कारण सेवाग्राही मर्कामा परेका थिए ।

अहिले वैदेशिक रोजगार, अध्ययन, घुमफिर तथा पारिवारिक भेटघाटका लागि राहदानी लिनेहरू मात्र रहेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षको ३ महिनाको अवधिमा ८३४ राहदानीको सिफारिस हुँदा आव २०८१/०८२ को सोही अवधिमा १ हजार ८०१ र आव २०८०/०८१ को पहिलो ३ महिनामा २ हजार ८५० सेवाग्राहीले राहदानी लिएका सहायक प्रमुख जिल्ला अधिकारी गुरुङले बताए । उनका अनुसार यससँगै चालु आवको ३ महिनामा ७६ लाख १५ हजार रुपैयाँ राजस्व असुली भएको छ ।

जिल्ला प्रशासन कार्यालयले आव २०८०/०८१ को ३ महिनामा १ करोड ४६ लाख १० र आव २०८१/०८२ को ३ महिनामा १ करोड ३७ लाख ७० हजार रुपैयाँ राजस्व असुली भएको जानकारी दिएको छ । यसैबीच, कार्यालयले यहाँबाट प्रवाह हुने सेवाका बारेमा जानकारीसहित सहज सुविधाका लागि क्युआर प्रणाली सुरु गरेको छ । जिल्लामा बसाइँसराइका आधारमा स्थायी ठेगाना संशोधन गरी नागरिकताको प्रतिलिपिका लागि निवेदन दिन, हातहतियारको इजाजत नवीकरण गर्न, भारतीय पेन्सनको प्रमाणित सिफारिसको निवेदन लिन, शैक्षिक प्रमाणपत्रको विवरण संशोधनका लागि निवेदन दिनलगायत कामका लागि क्युआर प्रणाली सुरु गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।


Nepal Government
Ministry of Water Supply
Department of water Supply & Sewerage Management
Water Supply & Sewerage Management Office
Besisahar, Lamjung

**Invitation for Bid (IFB)**

**(First Date of Publication: Thursday, December 4, 2025)**

Water Supply & Sewerage Management Office, Lamjung invites open competitive bidding from eligible bidders for the construction of following work under National Competitive Bidding (NCB)

| Contract Identification No. | Description | Price of Bid Document | Bid Validity Period | Bid Security/ Bid Bond | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| IFB/04/2082/83/works / WSSMO/Lamjung | Construction work of Bhanu Sahitiya Udhyan Lift Water Supply Project, Bhanu Municipality Ward no. 4 | NRs.5,000.00 | 90 days | NRs. 730,000.00 | Sunday, January 4, 2026 |
| IFB/05/2082/83/works / WSSMO/Lamjung | Construction Works (Sump Well, RVT and Protection Works) of Lalim Dhor Firdi Water Supply Project, Shuklagandaki Municipality Ward no. 8 | NRs. 5,000.00 | 90 days | NRs. 870,000.00 | Sunday, January 4, 2026 |

Eligible bidders may obtain further information from Water Supply and Sewerage Management Office, Lamjung, (Tel:066-520110,520080, email: fwssmplamjung@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

*Office Chief*



नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला अन्तर्गतको नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

दोश्रो पटक प्रकाशित मितिः २०८२/०८ /१८

स्थानीय सरकार संचालन ऐन, २०७४को दफा (११) कोउपदफा (२) को खण्डघ (६) र बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ९ (१) र सो सँग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था अनुसार बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नमोबुद्ध नगरपालिकाले तोकेको देहाय बमोजिमको आन्तरिक आयसम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐनमा उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका दहत्तर वहत्तर को बिक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरुबाट तोकीएको न्यूनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात (**e-Bid Document**) १६ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कर तथा दस्तुर संकलन क्षेत्र | २०८३ जेष्ठ मसान्त सम्मको लागि कायम न्युनतम अंक (मु.अ.कर बाहेक) र परिमाण | बोलपत्र फारम दस्तुर रू. | धरौटी/जमानत रकम रू. |
|---|---|---|---|---|---|
| १. | NMUN/IR/ 01/082/83 | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर (चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्ड सम्म) बाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य | रु. १,५१,०२०९७९२ (अक्षेरुपी एक करोड एकाउन्न लाख दुइ हजार सन्तानाब्बे रुपैया पैसा बयानब्बे मात्र) (परिमाण ६१,१५२ घ.मि. २१,५७,४४२/५६ घ.फिट) | रु. ३,०००।०० (अक्षेरुपी तिन हजार मात्र) | रु. ४,५०,०००।०० (अक्षेरुपी चार लाख पचास हजार मात्र) |
| २. | NMUN/IR/ 02/082/83 | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगरपोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य । | रु. १,४५,२१,२४८।०० (अक्षेरुपी एक करोड पैतालिश लाख एक्काइश हजार दुई सय अठ्चालिश मात्र) (परिमाण ५८,८०० घ.मि. २०,७४,४६४ घ.फिट) | रु. ३,०००।०० (अक्षेरुपी तिन हजार मात्र) | रु. ४,३०,०००।०० (अक्षेरुपी चार लाख तिस हजार मात्र) |

नोटः यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## VACANCY ANNOUNCEMENT

**Position: AI Consultant (Tech Lead – Tax Automation Platform)**
**Location: Kathmandu, Nepal (Hybrid / On-site)**

**ABOUT US**

Investor Friendly C.P.A. Pvt. Ltd. is a fast-growing tax consulting and financial advisory firm dedicated to simplifying tax management and enabling smarter financial decisions through automation and digital transformation. We are currently developing an advanced SaaS platform designed to streamline tax planning, compliance, and wealth optimization for individuals and businesses.

**ROLE OVERVIEW**

We are seeking a highly skilled, innovative, and visionary **AI Consultant** to lead the architecture, development, and scaling of our next-generation tax planning and financial automation platform. As the **Tech Lead**, you will drive the organization's AI strategy, oversee engineering operations, and collaborate closely with finance and product teams to build a secure, intelligent, and user-centric digital solution.

**KEY RESPONSIBILITIES**

- Develop and execute the AI strategy for tax automation and financial decision-support systems.
- Architect, design, and deploy AI/ML models for predictive tax planning, classification, forecasting, and risk analysis.
- Build automation tools to enhance operational efficiency, accuracy, and compliance workflows.
- Analyze financial and tax datasets to generate insights, improve model performance, and deliver personalized recommendations.
- Integrate AI-driven functionality into the SaaS platform using scalable, secure, and cloud-based architecture.
- Collaborate cross-functionally with engineering, finance, and product teams to translate business needs into technical solutions.
- Develop prototypes and production-ready AI models using modern ML frameworks and cloud infrastructure.
- Ensure high standards of model performance, security, compliance, and continuous optimization.
- Stay current with emerging AI, generative AI, and fintech technologies relevant to tax and financial automation.

**REQUIREMENTS**

- Bachelor's or master's degree in computer science, Artificial Intelligence, Data Science, Engineering, or a related field.
- 10+ years of experience in AI/ML engineering, automation, or data-driven product development.
- Strong knowledge of ML frameworks (TensorFlow, PyTorch, Scikit-Learn) and NLP technologies.
- Proficiency in Python, Node.js, and cloud platforms (AWS, GCP, or Azure) for scalable production deployment.
- Experience with financial, tax, accounting, or regulatory automation platforms (preferred).
- Expertise in data engineering, model training pipelines, feature engineering, and model evaluation.
- Knowledge of secure API architecture, microservices, and distributed systems.
- Demonstrated experience building and deploying AI modules or intelligent features in SaaS products.
- Strong analytical thinking, problem-solving ability, and cross-functional communication skills.

**APPLICATION PROCESS**

Interested candidates are requested to submit:

- **A detailed CV/Resume**
- **A Cover Letter** outlining relevant experience and suitability for the position

**Application Deadline:** *December 10, 2025*
Please email your applicationhr@investorfriendlycpa.com
Only shortlisted candidates will be contacted. Priority will be given to Nepalese Citizens.